## पुनर्वास नगरपालिकाको

# महिला सुरक्षा कोष सञ्चालन कार्यविधि,२०७५

कार्यपालिकाबाट पारित मितिः-२०७५।११।

**पुनर्वास नगरपालिका**
**सामाजिक विकास समिति**
**कञ्चनपुर**

# पुनर्वास नगरपालिका
# महिला सुरक्षा कोष सञ्चालन कार्यविधि,२०७५
### स्वीकृत मिति : २०७५/..../ ..... गतेको कार्यपालिकाको बैठकद्धारा स्वीकृत ।

महिलाको सशक्तीकरण, क्षमता तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायको लागि जन चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गकामहिलाको हित संरक्षण तथा प्रवर्द्धनको लागि एउटा निश्चित मापदण्ड बनाई सो को आधारमामहिला सुरक्षा कोषको परिचालन गर्न वाञ्छनीय भएकालेमहिला सुरक्षा कोष कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “महिला सुरक्षा कोष सञ्चालन कार्यविधि, २०७५” रहेको छ ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) “कोष” भन्नालेमहिला हक हितको लागि स्थापित कोष सम्भन्नु पर्छ ।

छ) “कार्यालय” भन्नाले महिला विकास कार्यालय सम्भन्नु पर्छ ।

**४. कोषको खाता :**

(१) कार्य संचालनको लागि प्राप्त रकम स्थानीय सरकारी वा बाणिज्य बैङ्कको खातामा रहने छ ।

(२) यो खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखतबाट हुनेछ ।

**५. जम्मा हुँने रकमः**

(क) महिलाको बजेट शिर्षकबाट महिला सुरक्षा कोषको लागि विनियोजित रकम ।

(ख) विभिन्न संघ संस्था, निकायबाट प्राप्त रकम ।

(ग) यस अघिमहिला सुरक्षा कोष वा महिला विशेष कोष नामबाट बचत रहेका रकम ।

**६. कोषको लेखा :**

(१) कोषको लेखा नेपाल सरकारको स्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) कोषको स्रेस्ता छुट्टै खडा गर्नु पर्नेछ ।

(३) कोषको लेखा अद्यावधिक एवं पारदर्शी हुनुपर्नेछ ।

(४) कोषको लेखा राख्ने जिम्मेवारी लेखा शाखाको हुनेछ ।

(५) कोषको आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ ।

**७. आर्थिक प्रतिवेदन :**

(१) कार्यालयले प्रत्येक महिना समाप्त भएको सात दिनभित्र कार्यालयमा प्राप्त कोषको प्राप्ति, भुक्तानी र मौज्दात समेत देखिने गरी लेखा राख्नु पर्नेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र कोषको आर्थिक विवरण तयार पारी सक्नु पर्नेछ ।

(३) कोषको प्रतिवेदनको एक प्रति सामाजिक विकास शाखा र महिला विकास शाखामा समेत पठाउनु पर्नेछ ।

**८.कोषको रकम उपलब्ध गराउँदा अपनाईने प्रकृया :**

(१) कोषको रकम लिन चाहने सामाजिक, आर्थिक दृष्टिले कमजोर र विपन्नमहिलाले कार्यविधिनियम ४ मा उल्लेखित देहायको मध्ये कुन सहयोग चाहेको हो सो व्यहोरा खुलाई महिला विकास शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(क) उद्दार, राहत तथा पुनर्स्थापन

(ख) औषधि उपचार

(ग) कानूनी सहायता

(२) निवेदकले अनुसूचि- १ को ढाँचामा भरिएको निवेदन साथ देहायको कागजात संलग्न गरेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिकता प्रमाण पत्र,

(ख) आफुले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(ग) सम्बन्धितवडाले आर्थिक, सामाजिक रुपले कमजोर, विपन्न हो भनी गरेको सिफारिसपत्र ।

(५) महिला शाखाले उपदफा १ वमोजिम प्राप्त निवेदनको आवश्यक जाँचवुझ गरी समितिमा पेश गर्नु पर्नेछ ।

## ९. खर्च मापदण्ड :

(१) प्राप्त निवेदनको आधारमा समितिले रकम उपलब्ध गराउँदा निवेदकमहिलाको मागको औचित्य र निजले गर्न खोजेको कामको प्रकृति हेरी देहायको सहयोग उपलब्ध गराउन सक्नेछ ।

(क) उद्धार, राहत तथा पुनर्स्थापना :महिलाको तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाका लागिसमितिले तोके बमोजिम रु.५०००।- मा नबढ्ने गरी आवश्यक रकम ।

(ख) औषधि उपचार : समितिले तोकेको अस्पतालमा उपचार गराउँदा विरामी तथा कुरुवा समेतको जोडेर निम्नानुसार सीमा ननाघ्ने गरी लागेको विल वमोजिमको खर्च :

(१) घरैमा बसी उपचार गराउँदा अस्पताल आतेजाते समेतको मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु.३,०००।- सम्मको विलवमोजिमको रकम ।

(२) अस्पतालमै भर्ना भई उपचार गराउँदा अस्पताल पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्च बापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३००।- गरी जम्मा रु. ६५००।- सम्मको विल वमोजिमको रकम ।

(३) विशेष अवस्थामा समितिले आवश्यकता र औचित्यका आधारमा रु. ४,००० सम्मको थप रकम स्वीकृत गर्न सक्ने छ ।

(ग) कानुनी सहायता : एक जना साथी समेत अड्डा-अदालत आतेजाते समेतका लागि मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा बापत निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको खर्च विल वमोजिमको रकम :

(१) सामान्य अवस्थामा प्रतिव्यक्ति रु. ५०००।- सम्म

(२) विशेष अवस्थामा समितिले विशेष निर्णय गरेकोमा थप रु. २५००।- सम्म

## १०. समितिको गठनः

(१) नगरमा कार्य संचालनका लागि मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग सुनिश्चित गर्न र विभिन्न सेवा प्रदायकमाझ सहकार्यमा वढावा दिन एक नगरस्तरीय समिति रहने छ र समितिको गठन देहाय वमोजिम हुनेछ :

क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको बिषयगत समितिको संयोजक - संयोजक

ख) बिषयगत समितिको संयोजक (संयोजक नगर प्रमुख भए) - सदस्य

ग) नगरपालिकाले मनोनयन गरेको विषयगत शाखा प्रमुखहरु(स्वास्थ्य, शिक्षा, महिला, बालबालिका,खानेपानी तथा सरसफाइ) -सदस्य

घ) कानून शाखा प्रमुख - सदस्य

ङ) ईलाका प्रहरी कार्यालय - सदस्य

च) महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाहरुमध्ये नगरस्तरीय समितिले तोकेको एक जना महिला - सदस्य

छ) प्रमुख, महिला विकास शाखा- सदस्य सचिव

**(२) समितिको काम, कर्तव्य र अधिकारः**

(क) महिला सुरक्षा कोषवाट सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

(ख) प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

(ग) महिला सुरक्षा कोषवाट सहयोग प्राप्त रकमको दुरुपयोग हुँनवाट रोक्न आवश्यक व्यवस्था मिलाउने,

(घ) महिला पहिचान सम्वन्धी आवश्यक मापदण्ड वनाउने,

(ङ) विभिन्न सरोकारवाला निकाय माझ्र सहकार्य वढाउने,

**११. वाधा अड्चन फुकाउने अधिकार :**

यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा वा दुविधा उत्पन्न भएमा त्यस्तो बाधा अडचन र दुविधा फुकाउन कार्यपालिकाको स्वीकृत लिई गर्न सकिनेछ ।

अनुसुचि १

हालसालै खिचेको पासपोर्ट साइजको फोटो

(सामाजिक, आर्थिक दृष्टिले कमजोर र विपन्न महिलाले दिने निवेदनको ढाँचा)

मिति : ..................

**विषयः सहयोग उपलब्ध गराई पाउँ ।**

श्री अध्यक्ष ज्यू ,
जिल्ला स्तरीय समिति................................।

म/(सम्वन्ध विच्छेदर विधवा महिलार पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिलारपाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला र अशंवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला) हुँ । मेरो आर्थिक तथा सामाजिक अवस्था कमजोर भई ...................................................... कार्यका लागि सहयोगको आवश्यक परेको हुनाले निम्नलिखित कागजात संलग्न गरीमहिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलव्ध गराइ दिनुहुन निवेदन गर्दछु ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. नेपाली नागरिकताको प्रतिलिपी
२महिला भएको प्रमाणित हुने कागजात ।
३. सम्बन्धित स्थानीय निकायले आर्थिक, सामाजिक रुपले कमजोर, विपन्न हो भन्ने प्रमाणित सिफारिस पत्र
४. हालसालै खिचेको फोटो २/२ प्रति)

निवेदकको :
नाम, थर :.........................................
ठेगाना :.....................................
दस्तखत ......................

## अनुसूचि २

( महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले दिने निवेदनको ढाँचा)

मिति : ..............................

**विषयः सहयोग उपलब्ध गराई पाउँ ।**

श्री अध्यक्ष ज्यू
महिला सुरक्षा कोष
केन्द्रीय समिति ।

महिला हक अधिकारको क्षेत्रमा कार्य गर्ने .......................................................संस्था हौ । यस संस्थालाई नियमावली ४ को (क) देखी (झ) मध्ये....................................... ......................कार्यक्रम संचालन गर्नको निमित्त सहयोग आवश्यक परेकोले निम्नलिखित कागजात संलग्न गरीमहिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनुहुन निवेदन गर्दछौं ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. अनुसुचि २ को ढाँचामा भरिएको निवेदन फारम ।
२. संस्थाको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. संस्थाको विधानको प्रमाणित प्रतिलिपि।
४. संस्था नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. कार्यक्रमको उद्घेश्य, लक्ष्य, कार्ययोजना सहितको अनुसूचि ३ वमोजमको ढाँचामा कार्यकमको प्रस्ताव ।
६. कार्यालयमा सूचिकृत भएको सिफारिश पत्र ।
७. स्थानीय निकायको सिफारिश पत्र ।

निवेदक
संस्थाको नाम : .....................................
ठेगानाः ..............................
दस्तखत ..............................

## अनुसूचि ३
## महिला सुरक्षा कोषको सेवा उपयोग गर्ने प्रस्तावको ढाँचा

प्रस्तावक संस्थाको नाम, ठेगाना : … … …
कोषको रकमबाट गरिने कार्य : … … …
प्रस्तावित सेवाको लागत अनुमान : रु. … …
सहभागीको योजना : … … … काम थाल्ने मिति : … … …
1= के गर्ने?

प्रस्तावित कार्यको संक्षिप्त विवरण
2= किन गर्ने?
2.1 हाल परिरहेको समस्याको व्यहोरा

2.2 प्रस्तावित सुविधाबाट प्रत्यक्षतः लाभान्वित हुनेमहिला/ समूह सदस्य परिवार
2.3 चार वर्षपछिको महिला/ समूह/सदस्य विकासको कल्पना

3= कसरी गर्ने ?
3.1 प्रस्तावित कार्यक्रम संचालन गर्न अपनाइने तरिका

3.2 प्रस्तावित कार्यक्रम सञ्चालन खर्च श्रोत
☐ संस्था आफैले
☐ बाह्य सहयोग

4= कति, कहिले गर्ने?

| कार्यक्रम | कहिले गर्ने | जिम्मेवार व्यक्ति | सहयोगि | अनुगमन सुचक |
|---|---|---|---|---|